# यसको साथ दौड्नुहोस

एक पृष्ठ

## के स्त्रीहरू पुरुषको सहयोगी हुनलाई बनेका हुन्?

हो, तर सायद तपाईंले सोचे जस्तो होइन! उत्पत्ति २:२० ले भन्छः

परमप्रभु परमेश्‍वरले भन्‍नुभयो, "मानिस एक्लो रहन असल छैन।

म त्यसलाई सुहाउने एक जना सहयोगी बनाउनेछु।"

मुख्य शब्द

עֵזֶר

एजर

### सुहाउने र सहयोगी भनेको के हो?

*सहयोगी* शब्द हिब्रू शब्द एजर (ezer) बाट आउँछ –जसको उचारण ए-जर (ay-zer) हुन्छ। पुरानो करारमा एजर (ezer) शब्द २१ पटक प्रयोग गरिएको छ। अब महत्वपूर्ण प्रश्न यो छ।

### बाइबलमा प्राथमिक एजर को हो? कसलाई सामान्यतया एजर भनेर वर्णन गरिएको छ?

### २१ पटक एजर शब्द प्रयोग गरिएकोमा १६ पटकले परमेश्‍वरलाई जनाउँछ !

शत्रुहरूबाट "सहायता" प्रदान गर्ने र मृत्युबाट बचाउने परमेश्‍वर हुनुहुन्छ। परमेश्‍वर उच्च शक्ति र सैन्य सार्मथ प्रदर्शन गरेर मद्दत गर्ने परमेश्‍वर हुनुहुन्छ, जसले कमजोर पक्ष (मोशा, दाऊद, इस्राएली, इत्यादि)लाई सहायता प्रदान गर्नुभयो। सोह्र पटक परमेश्‍वर एजरको रुपमा प्रस्तुत हुनुभयो। इस्राएलीहरूलाई शक्तिशाली सैन्य उद्धारको आवश्यकता पर्दा तीन पटक एजरको प्रयोग भएको छ। महिलाको सन्दर्भमा उत्पत्ति २ अध्यायमा दुई पटक एजरको प्रयोग भएको छ। तल दिएका पुरानो नियमका ती सबै सन्दर्भहरू हेर्नुहोस्। जब हिब्रू स्रोताहरूले एजर शब्द सुने, तिनीहरूले "उद्धार गर्ने शक्ति" वा कमजोरहरूलाई "सहायता गर्ने शक्ति" को रुपमा बुझे।

### एजर(*ezer*)–सार्मथ

स्पष्ट रुपमा, एजर शब्दको घरेलु कर्तव्य वा पदसँग कुनै सम्बन्ध छैन। यसको बारेमा सोच्नुहोस्... यदि तपाईंलाई आफ्नो गणित गृहकार्यमा मद्दत चाहिन्छ भने, के तपाईंले आफूभन्दा कम जान्ने व्यक्तिलाई खोज्नु? यदि कसैले तपाईंलाई आक्रमण गर्यो भने, के तपाई आफूभन्दा कमजोरबाट मद्दत चाहनुहुन्छ? अवश्य होइन[ तपाईंले आफूभन्दा धेरै शक्ति, सीप,वा क्षमता भएको कसैलाई रोज्नुहुन्छ।

एजर शब्दले परमेश्‍वरको चरित्रको वर्णन गर्दछ। परमेश्‍वर उद्धारकर्ता, रक्षक, सहायक हुनुहुन्छ। परमेश्‍वर कमजोरहरुलाई अमूल्य तथा विशेष बल दिनुहुन्छ। परमेश्‍वर महिलाहरुको लागि त्यही शब्द प्रयोग गर्न रोज्नुहुन्छ जुन उहाँले आफ्नो लागि प्रयोग गर्नुभयो[

यद्यपि, *सहयोगी* शब्दलाई पछ्याउने शब्द *सुहाउने* को हिब्रू शब्द **के' नेगेडु** (k' negedu) हुन्छ। *के? नेगेडु* शब्द मुनीको *नेगेड* शब्दबाट आएको हो। *नेगेड*को अर्थ 'सामनेमा', 'नजरमा', 'विपरितमा', 'प्रतिपक्षमा' भन्ने हुन्छ। *के (k'negedu)* शब्दले 'जस्तै', 'अनुसार' शब्दको अर्थ थप्छ। तसर्थ, ***के' नेगेडु** (k' negedu)* ले एजर(*ezer*) शब्दलाई परिमार्जन गर्दछ, र यसले परमेश्‍वरको पूर्ण अनुरुपता प्रकट गर्दछ।

मुख्य शब्द

כְּנֶגְדּוֹ

*के ' नेगेडु*

### *के ' नेगेडु (k'negedu)* = बराबर, ऐना जस्तै

परमेश्‍वरले स्त्रीलाई एक 'शक्ति' वा 'सामर्थ' को रुपमा सृष्टि गर्नुको उद्देश्य पुरुषसँगको 'अनुरुपता' –समान सामर्थमा आउन सकोस् भन्ने थियो। यस पाठमा कुनै पनि यस्तो संकेत छैन जसले स्त्री पुरुषभन्दा तुच्छ, कमजोर, तल, सिमित वा कम अधिकारभएको भनेर भन्छ। परमेश्‍वरले स्त्री र पुरुषलाई विश्‍वव्यापी मिशनको साथ शक्तिशाली समकक्ष हुन सृष्टि गर्नुभयो।

**एजर(*ezer*) लागि पुरानो करारका पदहरू**

परमेश्‍वरलाई उल्लेख गर्ने पदहरू –१६ पटकः प्रस्थान १८:४, व्यवस्था ३३:७,२६,२९, भजनसंग्रह २०:२, ३३:२०, ७०:५, ८९:१९, ११५:९,१०,११, १२१:१,२, १२४:८, १४६:५, होशे १३:९

परमेश्‍वरलाई उल्लेख नगर्ने खण्डहरू– ५ पटकः उत्पत्ति २:१८,२०, यशैया ३०:५, इजकिएल १२:१४, दानियलः ११:३४

**४ महत्वपूर्ण प्रश्नहरू**

⇒ यसले हामीलाई **परमेश्‍वर**को चरित्रको बारेमा के सिकाउँदछ?

⇒ यसले हामीलाई **मानिस**को बारेमा के सिकाउँदछ?

⇒ हामीले **पालन** गर्नुपर्ने कुरा के छ?

⇒ हामीले यस विषयमा कसलाई **भन्ने**?

www.servingshouldertoshoulder.com